## अनुसुची – २

( दफा ४ तथा अनुसुची – १ को भाग – १ सँग सम्बन्धित )

दुर्गाथली गाउँपालिका

# दुर्गाथली राजपत्र

दुर्गाथली गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट प्रकाशित

खण्ड ..ख..... संख्या ०१ मिति २०८०।११।१०

**भाग – १**

**दुर्गाथली गाउँपालिका**

# दुर्गाथली गाउँपालिकाको लैगिंक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना, २०८०

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाँधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

# दुर्गाथली गाउँपालिकाको लैगिंक समानता तथा सामाजिक समावेशीकरण रणनीतिक योजना, २०८०

**दुर्गाथली गाउँपालिका**

बझाङ्ग

## बिषयसूचि


१. पृष्ठभूमि वा परिचय:........3
२. दुर्गाथलीगाउँपालिकाको संक्षिप्त परिचय........4
३. समस्या र चुनौती........4
४. लैगिंक समानेता तथा सामाजिक समावेशीकरण रणनीतिको आवश्यकता किन ?........5
५. लैससास परिभाषा - मुख्य शव्दावलीहरु........6
६. सरोकारवालाहरुको पहिचान........8
७. लैससास सम्वन्धी सवालहरु :........10
८. दुर्गाथलीगाउँपालिकाको SWOT विश्लेषण........11
९. लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्व........14
१०. दीर्घकालिन सोच........14
११. लक्ष्य........14
१२. उद्देश्य:........14
१३. लैससास नीतिका अपेक्षित उपलब्धीहरु........15
१४. नीति........15
१५. रणनीतिक योजना........18
१६. लैससास नीति कार्यान्वयनको लागि कार्ययोजना........23
१७. दुर्गाथलीगाउँपालिकाको लैगिक समानता तथा सामाजिक सामवेशीकरण नीतिको कार्यान्वयन समिति26

# दुर्गाथली गाउँपालिकाको लैगिंक समानता तथा सामाजिकसमावेशीकरण रणनीतिकयोजना, २०८०

## १. पृष्ठभूमि वा परिचय:

शासनको केन्द्रबिन्दु जनता र विकासले पहिलो लक्ष्य सबैभन्दा पछाडि परेका जनता नै हो भन्ने मर्मलाई ध्यानमा राखी **दुर्गाथली**गाउँपालिकामा दलित, महिला, जेष्ठ नागरिक अपांगता भएका, पछाडी पारिएका वर्ग समुदाय तथा उत्पीडित तथा सीमान्तकृत समुदायको समग्र विकासका लागि स्थानीय तहले के कस्ता नीति, संरचना, कार्यक्रम र स्रोतको व्यवस्थापन गरी कसरी परिचालन गर्दा गरिब समुदायसँग जोडिएका समस्या सामाधानका संस्थागत रुपमा उपायहरुको अवलम्बनका निमितस्थानीय तहको लैससास सम्बन्धि रणनीतिक योजना तयार पारी आगामी वर्षका नीति तथा कार्यक्रमले सम्बोधन गर्ने औचित्यका साथ संविधान तथा कानूनले व्यवस्था गरेका मानब अधिकारहरुलाई दुर्गाथली गाउँपालिकाको प्रभावकारी कार्यन्वयनका लागि गरिएको छ । यो एक गतिशील दस्तावेज भएका कारण आवधिक रुपमा लक्षित समुदायमा आएको परिर्वतनका आधारमा यो रणनीतिक योजनामा पनि फेरबदल गर्दै लैजान सकिन्छ ।

नेपालमा लैगिंक समानता तथा समाजिक समावेशीकरणको (लैससास) सवालले महिला विरुद्ध हुने सवै प्रकारको हिंसा अन्त्यको लागि महासन्धि १९७९ को नोपल पक्ष राष्ट्र भएको, नेपालको संविधानले मात्र लैगिंक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि अधिकारलाई पूर्ण रुपमा संविधानमा प्रस्तावना देखि लिएर संविधानको भाग ३ को मौलिक हकहरुमार्फत सुनिश्चीत गरिएको छ । महिलालाई अंश र समान वंशिय अधिकार ,सुरक्षित मातृत्व र प्रजनन स्वास्थ सम्वन्धि अधिकार, राज्यका सवै तहमा सहभागि हुने अधिकार सम्पत्ति तथा पारिवारिक मामिला सम्वन्धी अधिकार, शिक्षा, स्वास्थ्य ,रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरिएको छ । नेपालको संविधान २०७२ मा छुवाछुत तथा भेदभाव विरुद्ध को हक - धारा(२४) महिलाको हक - धारा (३८)दलितको हक - धारा (४०) सामाजिक न्यायको हक - धारा (४२), जसको परिणाम स्वरुप थारु आयोग , महिला, दलित, मुस्लीम ,जनजाती आयोग र अपाँगता एवं बाल अधिकार सम्वन्धि अधिकारहरु स्थापित भएका छन् । त्यसैगरि सामाजिक सुरक्षाको हक (धारा४३) ले विशेष अवस्था र परिस्थितिले पछाडी पारिएका नागरिकको सहभागिता र शसक्तिकरणको लागि विशेष व्यवस्था गरेको छ । त्यसै गरि धारा ५१को खण्ड (ञ) ले सामाजिक न्याय र समावेशीकरण नीति लगायतका १४ वटा विभिन्न महत्वपुर्ण नीतिहरु तय गरि कार्यान्वयनको प्रत्याभूति दिएको छ ।

नीतिगत रुपमा संघीयता पछि स्थानीयतहमा लैंगिक समानता तथा सामाजिक समावेशीकरणको सवाललाई सशक्त रुपमा स्थापीत गर्नको लागि स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहको काम कर्तव्य अधिकारमा लैंगिक समानता तथा सामाजिक समावेशिकरण ( लैससास) सम्वन्धी व्यवस्था गरेको छ । स्थानीय सरकारद्धारा संचालन हुने नीति, योजना बजेट कार्यक्रम तथा सेवा प्रवाहलाई लैगिक

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

समानता र सामाजिक समावेशीकरण मैत्री बनाउन संवैधानिक एवं कानूनी दायित्व तथा जिम्मेवारी पुरा गर्न, राज्यले अन्तराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता अनुरुप कार्य गर्न स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार स्थानीय तहमा लैगिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै समावेशी विकासलाई प्रर्वद्धन गर्ने कार्यलाई थप मार्ग दर्शन गर्न लैससास सम्वन्धि रणनीति २०७९ तयार गरिएको छ ।

## २. दुर्गाथलीगाउँपालिकाको संक्षिप्त परिचय

दुर्गाथली गाउँपालीका निर्माण हुदाँ राज्य संघियतामा गए पश्चात जिल्लामा तत्कालिन जिल्ला विकास समितीमा सर्वदलिय संयन्त्र र बझाङ्ग जिल्लाको निर्वाचित माननियहरुको राय सल्लाह बमोजिम जिल्लामा सिमा निर्धारण तथा कति वटा स्थानिय तह बनाउने भन्ने प्राविधिक समिती थियो । सो समितीले जनसंख्या, भौगोलिकता तथा अन्य मापनका आधारमा तत्कालीन इलाकाका आधारमा साविकका ३ वटा गाउँ विकास समिती चौधारी, मौलाली र सैनपसेलालाई दुर्गाथली गाउँपालीकाको सिफारिस भएको थियो । त्यसमा बझाङ्गका विभिन्न स्थानिय तहहरुको नामाकरण एतिहासिक, नदी, धार्मिक, पौराणिक तथा पहिलेको दरा भन्ने शब्दबाट सबै गाउँपालीका तथा नगरपालीकाको नाम राख्ने क्रममा हाम्रो पनि धार्मिक कारणले त्यतीबेलाको नामाकरण समिती तथा प्राविधिक समितीले साबिकको सैनपसेला गा.वि.स.को थली जिउलोमा अवस्थित दुर्गादेवीको मठको आधारमा दुर्गाथली नाम राखेको बुझिन्छ । हाल दुर्गाथली गाउँपालीकामा ७ वटा वडाहरु रहेका छन् । यसको सिमाना पूर्वमा छविसपाथीभेरा गाउँपालीका, पश्चिममा केदार स्यु र बुगंल नगरपालीका , उत्तरमा बुगंल नगरपालीका र छविसपाथीभेरा र सेती नदी र थलारा गाउँपालीका रहेको छ । हाल यस गाउँपालीकाको केन्द्र साविकको चौधारी गा.वि.स.को वडा नं.३ मा अवस्थित छ ।

३. बझाङ्गको मध्ये भागमा पर्ने १२ वटागाउँपालीका मध्ये एउटा गाउँपालीका हो । जसको केन्द्रबिन्दु चौधारीमा रहेकोछ । यसको क्षेत्रफल ६१ बर्गकिलोमिटर रहेको छ।यसको जनसंख्या १६८०० रहेको छ। यस गाउँपालीका मा बाहुन, क्षेत्री, दलित आदी बसोबा सग र्दछन् । यस गाउँपालीकाको यातायात जयपृथ्वी राजमार्ग संग मिलेको छ ।

## ४. समस्या र चुनौती

लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण बहु-क्षेत्रगत सवाल हो। त्यसकारणले विगतमा बिभिन्न मन्त्रालय तथा कार्यालयहरूले लैससास नीति तथा मार्गदर्शन तयार गरेता पनि केन्द्र देखि स्थानीय सरकारहरूले लैससास नीति बनाई नसकेको र निर्माण गरिएको नीति तथा कार्यक्रमहरूको पनि प्रभावकारी कार्यन्वयन हुन सकिरहेको छैन । नीति तथा कार्यक्रमहरूको अभावले गर्दा महिला तथा पछाडि परेका वा पारिएका समुहको आवश्यकता सम्बोधन गर्न सकिएको अवस्था अझै पनि छैन । फलस्वरुप बिभिन्न सरकारी कार्यालयहरूले प्रदान गर्ने सेवा तथा सुबिधाहरूमा महिला, दलित तथा पछाडि परेका समुदायको पहुंचमा र निर्णय गर्ने क्षमतामा कमी हुन गयो र उनीहरूले तर्जुमा गर्ने योजना, कार्यक्रम तथा बजेट लैङ्गिक उत्तरदायी वा लैङ्गिक संवेदनशील हुनसकेन । यसको साथै सबै कार्यालयमा लैससासलाई मुलप्रवाहीकरण गर्नको लागि

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

संरचनाहरूको कमी र यस विषयमा सबैको जानकारी समान रुपमा भएन जसले गर्दा लैससास विषयलाई सबैले गम्भिर रुपले आन्तरिकिकरण गर्न सकेनन्। यसैगरि सबैजसो प्रदेश सरकार र स्थानीय सरकारले लैससासको नीति तथा कार्यविधि बनाएर योजना, कार्यक्रम तथा बजेटको तर्जूमा गरिनसकेको विद्यमान अवस्थामा सो सम्बन्धी नीति, योजना तथा कार्यक्रमहरूमा लैङ्गिक संवेदनशीलताको अभाव खड्किएको छ । फलस्वरूप लैङ्गिक उत्तरदायी बजेट प्रणालीका आधारभूत पक्षहरू समेत ओझेलमा परेका छन्। जसले गर्दा लैङ्गिक मूलप्रवाहीकरणका प्रयासहरूमा महिला, दलित तथा पिछडिएका समूहको सारभूत सहभागिता भन्दा औपचारिक प्रतिनिधित्वमा सीमित हुन पुगेकोछ ।

## ५. लैगिंक समानता तथा सामाजिक समावेशीकरण रणनीतिको आवश्यकता

प्रथमत: लैङ्गिक समानता तथा सामाजिक समावेशीताबार नेपालको संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, बिगतमा निर्माण भएका नीति, नियम, ऐन, कानुन, कार्यविधि, लैससास बारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता र नेपालले बिगतमा भोगेका समस्यालाई मध्यनजर गर्दै तिनीहरूको समाधान गाउँपालिकाले प्रभावकारी रुपमा गर्न यो रणनीतिको औचित्यता महसुस गरिएको हो।

३.१ संबिधानद्वारा प्रदत्त हकहरूको कार्यान्वयन गर्न तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाकासबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदुर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्र सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिप्रेक्ष्यमा सामाजिक विविधता बीचको असमानता, सामाजिक बञ्चितिकरणका कारण सामाजिक समुहको विकास सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहँचको अन्तरलाई न्यून गर्नुपर्ने भएकोले,

३.२ विभिन्न समूहका महिलाहरूबीचको असमानतामा वृद्धि भैरहेको र पहिचानका समस्याले गर्दा लक्षित महिला, सीमान्तकृत तथा विपन्न महिलाहरूले सेवा सुविधा प्राप्त गर्न नसकेकाले,

३.३ राज्यका संरचनाहरूमा सकारात्मक विभेदका नीतिहरू लागु भएता पनि प्रतिफल हासिल गर्नेतर्फ पूर्ण प्रतिवद्धताको कमी भएकाले,

३.४ महिला तथा बाल-बालिकामाथि हुने सबै प्रकारका हिंसा, बेचबिखन, घरायसी कामकाज, गरिवी सम्बन्धी खण्डीकृत तथ्यांकको अभाव रहेको र लैङ्गिक समानता र महिला सशक्तीकरणको लागि नियमित र चुस्त अनुगमन पद्धतिको पनि अभाव भएकोले,

३.५ महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय आदिलाई शिक्षा, स्वास्थ्य सेवा पहुँच, रोजगारी सिर्जना गर्ने क्षेत्रमा ज्यादै कम लगानी गर्ने प्रबृत्ति भएकाले,

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
... बझाङ
...श्चम प्रदेश, नेपाल

३.६ पालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विषेश गरी महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्नुपर्ने भएकाले,

३.७ पालिकाबाट तर्जुमा गरी कार्यान्वयन गरिने सबै नीति, योजना तथा कार्यक्रमहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिकोणबाट विश्लेषण गरी विषेश गरी महिला, दलित तथा पिछडिएका वर्गको आर्थिक, सामाजिक, राजनैतिक र सांस्कृतिक अवस्थामा सुधार गर्नुपर्ने भएकाले,

३.८ गाउँपालिकाको विद्यमान सामाजिक असमानता र बञ्चितिकरणका कारण सामाजिक विकासका सूचकहरूमा भएको कमजोर अवस्था र सामाजिक, आर्थिक एवं प्रशासनिक क्षेत्रमा रहेको असमान पँहुचको अवस्थाकोसहीरुपमा पहिचान गरी सो अनुरुप कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन पूनरावलोकन गर्न

३.९ गाउँपालिकाभित्र कार्यरत सरकारी, बिभिन्न संजालहरू, उपभोक्ता समिति, नीजि क्षेत्र, सामुदायिक संघसंस्था,सहकारी तथा गैरसरकारी संस्थाद्वारा सञ्चालित कार्यक्रम र बजेटलाई समेत लैससास उत्तरदायी बनाउन रस्थानीय सरकारको योजना तर्जुमा प्रकृयामा मूलप्रवाहीकरण गर्न ।

## ६. लैससास परिभाषा - मुख्य शव्दावलीहरु

**"सामाजिक वञ्चितीकरण"** भन्नाले औपचारिक नियम, ऐन, कानुन आदि तथा परम्परा देखि चलि आएको अनौपचारिक मूल्य मान्यता बमोजिम लिङ्ग, जातजाति, धर्म आदि विभेदका कारणले सुविधाबाट वञ्चित भएको अवस्थालाई सम्झनुपर्छ ।

**"सामाजिक समावेशीकरण"** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चित भई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरूलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयाहरूमा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपयोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनुपर्छ ।

**"सामाजिक समावेशी सम्पर्क ब्यक्ति"** भन्नाले कुनै कार्यालय वा निकायमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनुपर्छ ।

**"सामाजिक समावेशी बजेट"** भन्नाले विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागिमुलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुनेगरी तर्जुमा गरिएको बजेट समेत सम्झनुपर्छ ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

"**स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई कुनै स्थानीय ठाँउ विशेषको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकत्म उपयोग गर्ने प्रक्रिया सम्झनुपर्दछ ।

**"बञ्चित समुह"** भन्नाले परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाति, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरिक, बाल-बालिका एवम् दुर्गक क्षेत्रमा बसोवास गर्ने जनता सम्झनुपर्दछ ।

**"अल्पसंख्यक"** भन्नालेसंघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

**"सीमान्तीकृत"** भन्नाले राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति-सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ।

**"लैङ्गिक समानता"** भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्दछ ।

**"लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण"** भन्नाले महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरू बीचको असमान शक्ति सम्वन्धहरूलाई पुन:सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरूका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नुपर्ने विषयलाई सम्झनु पर्दछ ।

**"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट"** भन्नाले स्थानीय निकायको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रोलिंगी, अपाङ्गता भएका व्यक्ति, बाल-बालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम रबजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीे लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्य मूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलव्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनुपर्दछ ।

**"लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण"** भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैङ्गिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनुपर्छ ।

ढुंगाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

**"लैङ्गिक मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनाबद्घ कार्य, नीति नियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरूलाई समाहित गर्ने प्रक्रियालाई सम्झनुपर्दछ ।

**"लैङ्गिक उत्तरदायी बजेट"** भन्नाले"लैङ्गिक समानताका लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउंदछ ।

**"सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नाले महिला, बाल-बालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ ।

**"सशक्तिकरण"** भन्नाले विकासका अवसरहरूवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडि परेका, पारिएका अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनुपर्दछ ।

**"खण्डीकृत तथ्याङ्क"** भन्नाले महिला तथा पुरुष जातीय अल्पसंख्यक समुह, अपाङ्गता भएका एव एच.आई. भि.संक्रमित ब्यक्ति तथा अन्य सीमान्तकरणमा परेका समुहहरूको तहगत तथ्याङ्कलाई सम्झनुपर्दछ ।

**"सार्वजनिक परीक्षण"** भन्नाले वित्तीय सूचना सहितको कार्यक्रम प्रकाशित गरेर सेवाग्राही तथा सरोकारवालाहरूप्रति सेवाप्रदायकको जवाफदेहिता र पारदर्शिता कायम गर्दै सुशासन अभिवृद्धि गर्ने उद्देश्यले अपनाइने विधिलाई सम्झनुपर्दछ ।

**"सामाजिक परीक्षण"** भन्नाले सस्थाद्वारा सञ्चालित कार्यक्रमको सामाजिक, आर्थिक तथा वातावरणीय लाभ एव मापदण्डहरूको लेखाजोखा सहित सामाजिक रुपमा प्रर्दशन गर्ने प्रकृयालाई सम्झनुपर्दछ ।

**"लक्षित वर्ग/समूह"** भन्नाले आर्थिक रूपमा विपन्न वर्गका महिला एवं बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू (सबै जातजातिका विपन्न वर्गहरू, जेष्ठ नागरिक, यौनिक अल्पसंख्यक, आदिबासी जनजाति, मधेशी, दलित, मुस्लिम, पिछडिएको वर्ग, अपाङता भएका ब्यक्ति, अल्पसंख्यक तथा सीमान्तकृत समुह आदिको) एवं नेपाल सरकारले लक्षित समूह भनी तोकेका वर्ग एवं समुदाय सम्झनु पर्दछ

**७. सरोकारवालाहरुको पहिचान**

लैससास नीति निर्माण तथा व्यवहारीक रुपमा कार्यान्वयनका लागि सहयोग तथा सवाल समाधानका लागिसहयोगी निकायहरुलाई पहिचान गर्नुपर्ने हुन्छ जो गौमुल गाँउपालिकाका सरोकारवाला निकाय यस प्रकार रहेका छन ।

- कार्यपालिकाका पदाधिकारीहरु,
- न्यायिक समिति,
- ईलाका प्रहरी कार्यालय,
- महिला प्रहरी सेल,

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

- राष्ट्रीय तथा अन्तराष्ट्रीय गैससहरु,
- धामी झांक्रि,पुजारी,
- विभिन्न उपभोक्ता समिति,
- स्थानीय समाजसेवी,
- बाल क्लव,
- युवा क्लव,
- महिला अधिकार मंच,
- महिला विकास शाखा,
- राजनैतिक दल

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

**८. लैससास सम्वन्धी सवालहरु :**

दुर्गाथलीगाउँपालिका लैगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धि सवालहरु तपसिलबमोजिम रहेका छन ।

- परम्परागत कुरीतीहरु र रिती तथा रिवाजहरु -धामी झाक्री
- घरेलु हिंसा
- बाल विवाह
- छुवाछुत
- छाउपडी प्रथा
- स्रोत तथा सम्पतीमा स्वामित्व
- छोरा छोरीमा विभेद गर्ने चलन
- समान कामको समान ज्याला नहुनु

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधरी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

९. **दुर्गाथलीगाउँपालिकाको** SWOT **विश्लेषण**

| विषय क्षेत्र | सवल पक्ष | सुधार गर्नुपर्ने पक्ष | चुनौतीहरु | अवसर |
|---|---|---|---|---|
| नीति कानून योजना | • विभेद रहित बजेट विनियोजन प्रणाली भएको ।<br>• उपभोक्ता समितिको मुख्य पदमा महिलालाई प्राथमिकता<br>• महिला, बालबालिका, जेष्ट नागरिक,अपाँगहरुका लागि बजेट विनियोजन भएको<br>• स्थानीय जनप्रतिनीधि लैससाससम्बन्धि प्रतिबद्ध देखिएको । | • लैससास नीतिनहुनु र नीतिहुनु पर्ने विषयमाजानकारीको कमि<br>• बनेकानीतिहरुमा लैससास सम्बन्धिविषयहरुले प्राथामिकतानउाएका<br>• प्रभावकारी रुपमाकार्यान्वयनभएनभएको कर्मचारी तथाजनप्रतिनिधीहरुले समेत भन्ननसकिएको अवस्था<br>• योजना छनौट गर्दा लैससासको सूचकको परिपालना नगरिएको । | • नेपालको संविधानतथाकानूनले व्यवस्था गरेका विषयहरुको जानकारी नहुँदाकम्जोर बुझाई<br>• भौगोलिक विकटताका कारण लैससासकालाभान्वीतवर्गलाई सेवालिनमा समस्या<br>• विनियोजित बजेट निर्धारित उद्देश्य अनुसार कार्यान्वयन समस्या ।<br>• मानबीयतथाआर्थिक श्रोत परिचालनमा समस्या । | • पालिका,प्रदेश संघ ले लैससास सम्वन्धि रणनिति तयार गर्ने व्यवस्थाभएको ।<br>• नेपालको संविधान २०७२,स्थानीय सरकार संचालन ऐन २०७४ ले लैससास सम्वन्धीनीतितयार गर्न स्थानीय सरकारलाई जिम्मेवारी दिएको ।<br>• प्रतिबद्ध कर्मचारी तथाजनप्रतिनिधीहरु<br>• स्थानीयतहसंग काम गर्ने इच्छुक गैर सरकारी संघसंस्थाहरु । |
| संस्थागत | • महिलातथाबालबालिकाशाखाको | • थपकर्मचारीको | लैससास समितिनिर्माण नहुन, न्यायीक समिति सक्रियनहुनु | • पालिकाको समग्र |

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधरी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| व्यवस्था | स्थापनाभएको<br>• शाखामा स्थायीजनशक्तिभएको<br>• न्यायीक समिति स्थापनाभएको | व्यवस्थापन गर्नुपर्ने | | सामाजिकविकास लैससास नीतिअनुरुपहुनुपर्नेमा सवैको जोड रहेको ।<br>• नेपालको संविधान २०७२,स्थानीय सरकार संचालन ऐन २०७४ ले लैससास सम्वन्धीनीतितयार गर्न स्थानीय सरकारलाई जिम्मेवारी दिएको ।<br>• |
| मानव संशाधन तथा क्षमता विकास | • यस पालिकाभएको जनशक्तीअनुभवप्राप्तकर्मचारी तथाजनप्रतिनिधिभएको<br>• सिमितदक्षकर्मचारी हुनु<br>• न्यायीक समितिको स्थापना | • आवश्यकताअनुसार दक्षकर्मचारीको व्यवस्थापननभएको।<br>• न्यायीक समितिले सक्रिय रुपमाकाम कारवाही अगाडी नवढाउनु | • दक्षजनशक्तीको अभाव,तथाव्यवस्थापन गर्न नसक्नु | • दक्षजनशक्तीको लागिआर्थिक स्रोत प्रयाप्तहुनु<br>• क्षमताकाविकासकालागिप्रयाप्तअवसर , प्रावधान रहेको । |
| सेवा प्रवाह | • विभिन्न सहयोगी संस्था रहेको तथा सरोकारवालानिकाय रहेका | • कार्यविधितयार गरि नीतिगत रुपमापहलहुनुपर्ने ( समानकामको समानज्याला )<br>• थप सहयोगीनिकायलाई कामगर्ने वातावरण सृजनामा | • विधिवत रुपमावनेका नीतितथाकार्य विधिहरुलाई कार्यान्वयनमा जोड दिननसक्नु<br>• भौगोलिक विकटता | • PLGSP,नेपालसहयोगीनिकायले लैससास सम्वन्धीनीतितथा योजनानिर्माणमा सहयोगीभुमिकानिर्वाह।<br>• सेवाप्रवाहकालागिप्रयाप्त समय, |

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश,नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | जोड दिनुपर्ने<br>• विनियोजित योजनाको उद्देश्य अनुसार कार्यान्वयननभएका | | साधन स्रोत ,पद्धती स्थापना गर्न सजिलो अवस्था सृजनाभएको । |
| | • विभेद रहित बजेट विनियोजन प्रणाली भएको<br>• महिला, बालबालिका, जेष्ट नागरिक,अपाँगहरुकालागि बजेट विनियोजन भएको | सरोकारवालाहरुको अर्थपूर्ण सहभागितानभएको । | • लैससासको दृष्टीकोणबाट बजेट विनियोजन भएतापनिकार्यान्वयन पद्धतिमा ढिलाई । | • दिगोविकास लक्ष्यले लैससासलाई प्रमुख मुद्धाको रुपमाअवलम्वन गरेको । |

दुंगाँथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

## १०. लैससास नीति तर्जुमाको आवश्यकता तथा महत्व

- दुर्गाथलीगाउँपालिकामा विभिन्न जातजाती ,वर्ग सम्प्रदाय र साँस्कृतिक पहिचान संगै नेपालको संविधान अनुसार वर्गिय जातिय ,क्षेत्रीय ,आर्थिक, धार्मिक विभेद र सबै प्रकारका विभेद जातिय छुवाछुतको अन्त्यगरि आर्थिक सामाजिक रुपमा सम्वृद्ध समाजनिर्माण गर्ने सामानुपातिक सहभागितामुलक सिद्धान्तका आधारमा समतामुलक समाजको निर्माण गर्नु
- महिला उपर हुने सवै किसिमका हिंसा तथा भेदभाव उन्मूलन गर्ने महासन्धि, वेइजिङ्ग घोषणा र २०३०सम्मको लागि तय गरिएको दिगो विकासका लक्ष्यहरूको कार्यान्वयन प्रभावकारिता अभिवृद्धि गरि गाउँपालिकातथा यस अन्तर्गतका संरचना, कार्यक्रम, योजना, बजेट तथा आयोजनाको प्रत्येक चरणमा लैससासलाई योजनाबद्धत्यसैले माथि उल्लेखित औचित्यताहरूलाई पुरा गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को धारा ११, उपधारा २, बुँदा ठ को उपबुँदा २ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी गाउँपालिकाको लागि यो ५ बर्षे "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति, २०७९ तयार गरिएको हो।
- यस रणनीतिको सफल कार्यान्वयनबाट सम्पूर्ण गाउँपालिकावासीहरूले विभेद र हिंसारहित समाजमा आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने अवस्थाको सुनिश्चित गर्नेछन्।।

## ११. दीर्घकालिन सोच

क) लैङ्गिक, जातीय र क्षेत्रीय भेदभावमुक्त लैङ्गिकमैत्री, समाबेशी, समतामूलक, समृद्ध र न्यायपूर्ण समाजकोनिर्माण गर्ने ।

ख) लैससास सम्वन्धित समाजमा विद्यमान मुल्य, मान्यता, संस्कार र ब्यवहारमा परिवर्तनल्याउने

## १२. लक्ष्य

- सामाजिक तथा न्यायपूर्ण संस्थागत संरचना निर्माण र नीतिगत कार्यप्रणालीको अवलम्वन गरेर समतामुलक समृद्ध समाजको निर्माण गर्ने ।

## १३. उद्देश्य:

- यस दुर्गाथलीगाउँपालिकामा पछाडी पारिएका वर्ग तथा सिमान्तकृत बर्ग ( महिला ,दलित, जनजाती अल्पसंख्यक ) तथा समुदायको क्षमता अभिबृद्धि गरि सशक्तीकरणको माध्यमबाट सम्पतीको अधिकारमा समान पहुच र नियन्त्रणमा सुनिश्चता गर्ने ।
- लैससासको अवधारणालाई संस्थागत गर्न दुर्गाथलीगाउँपालिकामा स्पस्ट निती ,कार्यक्रम ,तथा बजेटको सुनिश्चीतता गर्ने ।
- दुर्गाथलीगाउँपालिकामा हरेक योजना तथा कार्यक्रमहरुलाई लैससासको अवधारणा अनुसार मुलप्रवाहिकरण गर्ने।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

## १४. लैससास नीतिका अपेक्षित उपलब्धीहरु

- दुर्गाथलीगाउँपालिकामा लैगिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत भएको हुने
- रणनीतिको आधारमा हरेक स्थानिय तहले आफ्नो वार्षिक कार्ययोजना अनुसार लैससास सम्वन्धि बजेट विनियोजन गरिनेछ ।
- लैससास मुलप्रवाहिकरण सम्वन्धी स्थानीय तहका जनप्रतिनिधि ,कर्मचारी र सरोकारवाला प्रतिनिधिहरुलाई अभिमुखिकरण भएको हुनेछ ।
- लैससास मुलप्रवाहिकरण रणनीति कार्यान्वयनका लागि वार्षिक बजेट विनियोजन भई वार्षिक कार्यक्रम कार्यान्वयन भएको हुने ।
- स्थानीय सरकारको संस्थागत संरचना ,शासन व्यवस्था एवं प्रक्रिया र कार्यक्रमहरुमा महिला तथा पछाडी परेका वर्ग समुदायहरुको सक्रिय तथा अर्थपुर्ण सहभागिता बृद्धि भई लैंगिक तथा सामाजिक अन्तर विभेद र वहिष्करणको अन्त्य भएको हुने ।

## १५. नीति

६.१ गाउँपालिकाले संचालन गर्ने सम्पूर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसमा महिला र सीमान्तकृत समुहको अर्थपूर्ण सहभागितामा कार्यान्वयन गरि मूलप्रबाहीकरण गर्दै लगिनेनीति लिने छ ।

६.२ लैङ्गिक उत्तरदायी योजना तथा बजेटलाईतथा लैङ्गिक उत्तरदायी र समावेशी बजेट परीक्षणलाई स्थानीयकरण गरी लक्षित समुदायकोआर्थिक तथा वित्तिय श्रोतमा पहँुच अभिबृद्धि गरिनेछ ।

६.३ गाउँपालिका, सेवा प्रदायक सरोकारवाला संस्थाहरू, महिला र सीमान्तकृत समुहहरूलाई समावेश गरिउनीहरूकोयोजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी गाउँपालिकाको विकास प्रक्रियामानिर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक, सामाजिक, राजनितिक र सार्वजनिक जीवनमा अर्थपूर्ण सहभागिता, पहुंच तथा नियन्त्रणमा बृद्धि गर्ने नीति लिई समावेशीकरण तथा सशक्तिकरण गर्ने ।

६.४ लैससास बार संबिधानमा भएको े व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि, लैससासबारे राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतिकरण तथा क्षमता विकास गर्ने नीति लिने।

६.५ लैससास नीति प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि आन्तरिक र बाह्य सवैसरोकारवालहरूसँग नियमित र प्रभावकारी समन्वय, सहकार्य र सहजीकरण गर्ने ।

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

६.६ गरीब असहाय बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको वास्तविक तथ्यांक पत्ता लगाई सोको विवरण अद्यावधिक गर्दै तिनीहरूका लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने नीति लिने।

७. रणनीति

७.१ मूलप्रवाहीकरण:

क) गाउँपालिका तहमा महिला, गरीब तथा गरीब र बहिष्करणमा परका समुदायले भोगेका समस्या र सवालहरूकोपहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र संस्कृति, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदिकार्य मार्फत पछाडि परेका वा पारिएका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको सवाल र समस्या पहिचान गरि, उनीहरूलाई समान अवसर दिई सवाल र समस्याको सम्बोधन गरि उनीहरूको समग्र गाउँपालिकाकोविकास प्रक्रियामा मूलप्रबाहीकरण गरिनेछ ।

ख) लैङ्गिक उत्तरदायी तथा समावेशी बजेट परीक्षण र लैङ्गिक उत्तरदायी बजेट मार्फत गाउँपालिकाको संरचना र कार्यक्रमहरूमा महिला र सीमान्तकृत समुहहरूमा समावेश गरि लैङ्गिक समानता र सबै जात जातिकोअर्थपूर्ण सहभागिता गराई लैङ्गिक मूलप्रबाहीकरण गर्दै लगिनेछ ।

**७.२ आर्थिक, सामाजिक र राजनीतिक समावेशिकरण तथा सशक्तिकरण :**

विकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका असक्त,गरीब, बिकासका अवसरबाट बञ्चित, श्रोत र साधनमा पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएकाअसक्त, गरीब तथा लक्षित वर्ग/समूहको गाउँपालिकाको समग्र शासन प्रणालीमा अर्थपूर्णसहभागिता गराइ उनीहरूलाई सवल बनाई आर्थिक, सामाजिक र राजनीतिक समावेशीकरण तथा सशक्तिकरण गर्नुको साथैआउन सक्ने प्राकृतिक तथा मानव सिर्जित बिपत् व्यवस्थापन गर्दै कृषि, सहकारी, पर्यटन आदिको समुचित विकासगरि नगरबासीको लागि स्ब:रोजगारीको ब्यबस्था गर्दै लगिनेछ ।

**७.३ संस्थागत संरचना, सचेतिकरण तथा क्षमता बिकास :**

दुंगाधली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश,नेपाल

क) लैससासबारे संबिधान, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानुन, कार्यबिधि आदिमा भएका व्यवस्थाहरूको सबै सरोकारवालाहरूसँ ंग प्रभाबकारी समन्वय कायम गरि कार्यान्वयन गर्न चुस्त/दुरुस्त संस्थागत संरचना निर्माण गरि गाउँपालिका लगायतका सेवा प्रदायक सरोकारवाला संस्थाहरूलाई लैससासप्रति उत्तरदायी र जवाफदेही बनाउदै लगिनेछ ।

खं) स्थानीय नागरिक विशेष गरी पछाडि परका वा पारि ै एका असक्त, गरीब तथा लक्षित वर्ग/समूहको चुस्त/दुरुस्त संस्थागत संरचना मार्फत योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक सचेतीकरण तथा क्षमता अभिबृद्घि गरी गाउँपालिकाको समग्र विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक बिकास गरिनेछ ।

**७.४ समन्वय, सहकार्य र सहजीकरण :**

क) लैससास सम्बन्धी नीति तथा योजना निर्माण र सोको प्रभावकारी कार्यान्वयन गर्न केन्द्र, प्रदेश, बिभिन्न प्रतिष्ठान, आयोग, समिति र स्थानीय सरकार आदिसँग समन्वय, सहकार्य र सहजीकरण गरिनेछ ।

ख)बढेको लैङ्गिक हिंसा तथा घरेलु हिंसा लाईपनि ध्यानमा राख्दै, विभिन्न कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न विभिन्न सरकारी, विकास साझेदार संस्थाहरू, अन्तर्राष्ट्रिय गैसस, गैसस, नागरिक समाज, निजी क्षेत्र आदिसँग साझेदारी तथा समन्वय गरिनेछ ।

**७.५ सामाजिक संरक्षण र सुरक्षा :**

गाउँपालिकाबासी विशेषगरि बाल-बालिका, जेष्ठ नागरिक, अशक्त तथा अपाङ्गता आदिको लागि सामाजिक संरक्षण तथा सुरक्षा प्रदान गर्ने रणनीति लिई सामाजिक संरक्षण र सुरक्षा सम्वन्धि कार्यक्रमहरू लागु गर्दै लैजानेछ ।

**७.६ अनुगमन तथा मूल्यांकन :**

गाउँपालिकाको सबैकार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै जानेछ

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बजाङ
सुदूरपश्चिम प्रदेश नेपाल

**१६. रणनीतिक योजना**

| विषयक्षेत्र | उद्देश्य | नीति | रणनीति | कार्यनीति |
| --- | --- | --- | --- | --- |

| | | | | |
|---|---|---|---|---|
| **योजना** | योजनातथाकार्यक्रमहरुलाई लैससासको अवधारणा अनुसार मुलप्रवाहिकरण गर्नें। | मैत्रीनीतिबनाउनको जोड दिने ।<br>• पालिकाकोनीतिव्यवस्थाकार्यक्रमतथा बजेटलैससासउतारदायीबनाउने | विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम पछाडी पारिएकाहरुको सक्रिय सहभागितामा सुनिश्चित गर्ने ।<br><br>योजना तर्जुमा प्रक्रियामा लक्षितबर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चित गर्ने। स्थानीयस्तरको योजना तर्जुमा गर्दा टोल स्तरबाट नै लक्षित समुदायलाई अर्थपूर्ण सहभागिता गराइने छ | णरसमिक्षागर्नेउक्त लैससास लक्षितवर्गमाअभिमुखिकरण अभियानहरु चलाउने र वार्षिक रुपमा समिक्षाकार्यक्रम संचालन गर्ने<br>❖ लैससास नीतिनिर्माणका लागि अनुशिक्षण गोष्ठी<br>❖ लैससास नीतिनिर्माण तथाअनुमोदन<br>❖ लैससासको समुदाय स्तरमाअभिमुखिकरण अभियान संचालन गर्ने।<br>❖ न्यायीक समितिमाआएका लैससास संग सम्वन्धित घटनाहरुको दर्ता प्रक्रिया र सुनुवाईको अध्ययन र शंसोधन गर्ने<br>❖ वजेट तथा कार्यक्रम तर्जुमा गर्नुपूर्व हरेकसमुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, पिछडावर्ग, दलित लगायत सबै लक्षित वर्ग र समुदायसँग छलफल (विश्लेषण) गर्ने । |

19

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधरी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| संस्थागत व्यवस्था | लैससास अवधारणालाई पालिका स्तरमा संस्थागत गर्ने संयन्त्रतयार गर्ने । | लैससास अवधारणालाई पालिका स्तरमा संस्थागत गर्ने संयन्त्रतयार गर्ने। | • स्थानीयतहबाटकार्यालयमाहुनसक्नेकुनैपनिप्रकारकोदुर्व्यवहार, भेदभाव, महिला हिंसा नियन्त्रणको लागि आचार संहिता बनाएर लागु गर्ने<br>• स्थानीयतहका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गकोसमानुपातिक प्रतिनिधित्वकोसुनिश्चितगर्ने<br>• आदिवासीजनजाति, दलितलगायत अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि वजेटको व्यवस्थाआवश्यकता अनुसार कार्यक्रम तर्जुमाकोसुनिश्चितगर्ने | • दलित, पीडित महिला ,अतिविपन्नवर्गको तथ्याँक संकलनतथाअध्यावधिक गर्ने ।<br>• लक्षितवर्गले पाएको सेवा सुविधाको मापन गरेर तथ्याँकको सुचीकृत गर्ने ।<br>• प्राप्ततथ्याँकलाई विश्लेषण गरि प्राथमिकिकरण गरेर उक्तलक्षितवर्गको समुहनिर्माण गरि सशक्तिकरणका क्रियाकलापहरु संचालन गर्ने।<br>• सम्पन्ता स्तरिकरण गरि श्रमिक र सिमान्तकृत वर्गहरुकालागि लैससासको अवधारणालाई आत्मसाथगर्दै पेशामाआधारितव्यवसायहरुसंचालन गर्नपालिकामा बजेट र कार्यक्रमलाई पालिकाको वार्षिक योजनामा समावेश गर्ने।<br>• टोलविकास संस्था गठन तथा परिचालन गरी बस्तीस्तरको योजना छनौटमा लक्षित समुदायको सहभागिता बृद्धि गर्ने।<br>• बस्तीस्तरका योजनाहरुको छनौट पछि तिनिहरुको प्राथमिकीकरण अतिआवश्यकयोजनापालिकामाअनुमोदनकालागि पठाउने।<br>• योजनाको कार्यान्वयन चरणमा लक्षित समुदायको प्रत्यक्ष |

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | | सहभागितागरि उपभोक्ता समिति गठन गरि कार्यान्वयन गर्ने ।<br>• वेलाबेलामाकामको गुणस्तर मापन गर्ने योजनाको निरन्तर अनुगमन गर्ने।<br>• योजनाको गुणस्तर मापन र समयमै कार्य सम्पादनमा गर्ने कार्यमा जोड दिने ।<br>• बस्ती स्तरमै लैससासको दृष्टीकोणका आधारमा योजना छनौट तथा बजेट विनियोजन गर्ने।<br>• समुदाय स्तरका सम्पुर्ण समिति ,योजना र कार्यक्रमहरुलाई लैससासको दृष्टीकोण बाट कार्यान्वयन गर्न योजनानिर्माण गरि कार्यान्वयन गर्ने। |
| मानव संसाधन तथा क्षमता विकास | लक्षितवर्ग रकर्मचारीको क्षमताविकासमा गर्ने | लक्षितवर्ग रकर्मचारीको क्षमताविकासमा जोड दिन | • लैङ्गिकतथासमावेशीविकासको लागि क्षमता विकासकोलागिरकम खर्च गर्ने कार्यविधि स्वीकृत गर्ने<br>• महिला विरुद्ध हुने सवै प्रकारका हिंसानिवारण गर्ने कार्यक्रमका लागि बजेट विनियोजनकोसुनिश्चितगर्ने | • दलित, पीडित महिला ,अतिविपन्नवर्गको तथ्याँक संकलनतथाअध्यावधिक गर्ने ।<br>• लक्षितवर्गले पाएको सेवा सुविधाको मापन गरेर तथ्याँकको सुचीकृत गर्ने ।<br>• प्राप्ततथ्याँकलाई विश्लेषण गरि प्राथमिकिकरण गरेर उक्तलक्षितवर्गको समुहनिर्माण गरि सशक्तिकरणका क्रियाकलापहरु संचालन गर्ने। |

दुगांथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

| | | | | |
|---|---|---|---|---|
| | | | | • सम्पन्ता स्तरिकरण गरि श्रमिक र सिमान्तकृत वर्गहरुकालागि लैससासको अवधारणालाई आत्मसाथगर्दै पेशामाआधारित व्यवसायहरु संचालन गर्न पालिकामा बजेट र कार्यक्रमलाई पालिकाको 'वार्षिक योजनामा समावेश गर्ने।<br>• कार्यस्थलमाहुनेयौन हिंशाको आचार संहिता लागुगर्ने |
| सेवा प्रवाह | लक्षितवर्गहरुको सेवा सुविधाचुस्त दुरुस्त रुपमाप्रवाह गर्ने | निरन्तर सेवाप्रवाहमा जोड | लैससासको माध्यम बाट लक्षितवर्गको सक्रिय सहभागितामाशसक्तिकरणमा जोड | • लक्षितवर्गको समुहनिर्माण गरि सशक्तिकरणका क्रियाकलापहरु संचालन गर्ने।<br>• लैससास समितिलाई आफ्नो भुमिकाको विषयमाजानकारी गर्ने ।<br>• बस्ती स्तरमै लैससासको दृष्टीकोणका आधारमा योजना छनौट तथा बजेट विनियोजन गर्ने।<br>• समुदाय स्तरका सम्पुर्ण समिति ,योजना र कार्यक्रमहरुलाई लैससासको दृष्टीकोण बाट कार्यान्वयन गर्न योजनानिर्माण गरि कार्यान्वयन गर्ने। |
| सुशासन तथा उत्तरदायित्व | सेवाप्रदायकदिने सेवा र लाभान्वीतवर्गले लिने सेवालाई जफावदेहितालाई | पारदर्शिता र जफावदेहितामा जोड | अधिकार र कर्तव्यको विषयमा जोड दिदै साधनस्रोत परिचालनगर्ने क्षेत्रमा जोड दिने | • वडा र पालिकामा लैससास समिति गठन तथा परिचालन गर्ने।<br>• उक्त लैससास समितिलाई आफ्नो भुमिकाको विषयमाजानकारी गर्ने ।<br>• पालिकाको लैससास नीतितयार गर्ने |

गौँमुख्यली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश,नेपाल

| | | | | |
|---|---|---|---|---|
| | **निश्वार्थ ढंगबाट संचालन गर्ने** | | | • उक्त लैससास नीतिको कार्यान्वयकालागिलक्षितवर्गमाअभिमुखिकरण अभियानहरु चलाउने र वार्षिक रुपमा समिक्षाकार्यक्रम संचालन गर्ने।<br>• आवश्यकताअनुसार न्यायीक समिति र लैससास समुहहरुकाविचअन्तक्रियात्मक छलफल तथाबहसहरु चलाउने ।<br>• न्यायीक समितिमादर्ता भएका लैससास संग सम्वन्धीत मुद्धा तथा सवालहरुको समिक्षागर्दै लैससास नीतिलाई शंसोधन गर्ने। |
| अनुगमन रमुल्याङ्कन | **लैससास नीतिअनुसार कार्यक्रमलाई अगाडी बढाउने** | **योजनाको तथाकार्यक्रमको अनुगमनतथामुल्याकंनमा जोड** | **राम्रो गर्नेलाई पुरस्कार र गलत गर्नेलाई दण्ड गर्ने प्रणालीको अनुसरणमा जोड।** | • वेलाबेलामाकामको गुणस्तर मापन गर्ने योजनाको निरन्तर अनुगमन गर्ने।<br>• योजनाको गुणस्तर मापन र समयमै कार्य सम्पादनमा गर्ने कार्यमा जोड दिने । |

## १७. लैससास नीति कार्यान्वयनको लागि कार्ययोजना

| कार्यनितिकक्रियाकलाप | जिम्मेवार निकाय | सहयोगीनिकायतथा सरोकारवालानिकाय | आर्थिक स्रोत | समयसिमा |
|---|---|---|---|---|
| कार्यस्थलमा हुने दुर्बयहार रयौहिंशाकोआचार संहितालागु गर्ने<br>बालबालिका तथा अपांगता सम्बन्धी नीति निर्माण गरि लागु गर्ने | दुर्गाथली गाउँपालिका | कार्यपालिका,सामाजकिकास शाखा, प्रदेश सरकार | स्थानीय सरकार | लैससास अनुमोदनभएको दिन देखि |
| लक्षित बर्गलाई योजना तथा सहभागिताको महत्वको बारेमा अभिमुखीकरण कार्यक्रमको आयोजना गर्ने | दुर्गाथली गाउँपालिका | सामजिकविकास शाखा, योजनाशाखा | स्थानीय सरकार | योजना छनौटको पहिलो चरणमा(बस्ति तथा टोल भेलाको समयमा |
| **हरेक वडामा तहमाबाल स्याहार केन्द्र र जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण गर्ने** | दुर्गाथली गाउँपालिका | कार्यपालिका, सामजिकविकास | स्थानीय सरकार | लैससास नीतिअनुमोदनपश्चातको |

| कार्यनितिकक्रियाकलाप | जिम्मेवार निकाय | सहयोगीनिकायतथा सरोकारवालानिकाय | आर्थिक स्रोत | समयसिमा |
|---|---|---|---|---|
| | | शाखा,योजनाशाखा | | पहिलो आ व भित्रै |
| पालिकातहमाअफिस कक्षमा स्तनपानकक्षको व्यवस्था गर्ने | दुर्गाथली गाउँपालिका | कार्यपालिका, सामजिकविकास शाखा,योजनाशाखा | स्थानीय सरकार | लैससास नीतिअनुमोदनपश्चातको पहिलो आ व भित्रै |
| गुनासो सुनुवाई संयन्त्रतयार गरि लागु गर्ने । | दुर्गाथली गाउँपालिका | कार्यपालिका, सामजिकविकास शाखा,योजनाशाखा | स्थानीय सरकार | लैससास नीतिअनुमोदनपश्चातको पहिलो आ व भित्रै |
| बिद्यालय भवन बनाउदा अपाँग मैत्री महिला मैत्रीबनाउने | दुर्गाथली गाउँपालिका | कार्यपालिका, सामजिकविकास शाखा,योजनाशाखा | स्थानीय सरकार,प्रदेश सरकार, सघीय सरकार | लैससास नीतिअनुमोदनपश्चातको पहिलो आ व भित्रै |
| महिलाहरुलाई हरेक योजना तर्जुमा गर्दा अनिबार्य निर्णयक भूमिकामा सामबेश गर्ने | दुर्गाथली गाउँपालिका | कार्यपालिका, सामजिकविकास शाखा,योजनाशाखा | स्थानीय सरकार | लैससास नीतिअनुमोदनपश्चातको पहिलो आ व भित्रै |
| स्थानीय श्रोत साधनको पहिचान गरि महिलाहरुलाई उद्ध्मी उत्पादन गर्ने तालिमको ब्यबस्था गर्ने | दुर्गाथली गाउँपालिका | कार्यपालिका, उद्यमविकास शाखा,सामजिकविकास शाखा,योजनाशाखा | स्थानीय सरकार | लैससास नीतिअनुमोदनपश्चातको पहिलो आ व भित्रै |
| पुर्बाधारका काम गर्दा महिलालाई प्रथामिकता दिने | दुर्गाथली गाउँपालिका | कार्यपालिका, योजनाशाखा | स्थानीय सरकार | लैससास अनुमोदनभएको दिन देखि |
| जातीय भेदभाव तथा छुवाछुत भेदभाव विरुद्धको वडा तहमा अभियान संचालन गर्ने | दुर्गाथली गाउँपालिका | स्थानीय सरकार | स्थानीय सरकार | लैससास अनुमोदनभएको दिन देखि |
| योजना निमार्णका हरेक चरणमा लैससास नीतिअनुरुपकामभएनभएको सहभागितामूलकअनुगमनतथामूल्यांकनको कार्यविधीतयार गरि सोहि अनुसार अनुगमनमूल्यांकनलाई सुनिश्चित गर्ने । | दुर्गाथली गाउँपालिका | स्थानीय सरकार | स्थानीय सरकार | लैससास अनुमोदनभएको दिन देखि |
| लैससास नीतिको कार्यन्वयनको अवस्थाको विषयमा सामाजिक परिक्षण र सार्वजनिक सुनुवाई गर्ने र आएका सुझावको कार्यन्वयन गर्ने । | दुर्गाथली गाउँपालिका | स्थानीय सरकार | स्थानीय सरकार | लैससास अनुमोदनभएको दिन देखि |

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

| कार्यनितिकक्रियाकलाप | जिम्मेवार निकाय | सहयोगीनिकायतथा सरोकारवालानिकाय | आर्थिक स्रोत | समयसिमा |
| --- | --- | --- | --- | --- |
| लैससासको प्रवर्द्धनकालागि स्थानीय गैरसरकारी संस्थाहरु तथाअन्यविकासका साझेदारहरु संग पनि सहकार्य र समन्वय गर्ने । | दुर्गाथली गाउँपालिका | स्थानीय सरकार | स्थानीय सरकार | लैससास अनुमोदनभएको दिन देखि |

दुर्गाथली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौधारी, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल

**१८. दुर्गाथलीगाउँपालिकाको लैगिक समानता तथा सामाजिक सामवेशीकरण नीतिको कार्यान्वयन समिति**

**अनुसुची १**

**कार्यदलको नामावली**

दुर्गाथली गाउँपालिका लैससास रणनीतिक योजनाकार्यशालका सहभागिहरु

| क्र.स. | नाम | ठेगना/कार्यालय | पद/जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | रमेश बहादुर बोहोरा | दुर्गाथली गाउँपालिका | | |
| २ | जय बहादुर सार्की | दुर्गाथली गाउँपालिका | | |
| ३ | झलक बहादुर दौल्याल | दुर्गाथली गाउँपालिका | | |
| ४ | सुरेन्द्र जप्रेल | दुर्गाथली गाउँपालिका | | |
| ५ | गणेश बहादुर धामी | दुर्गाथली गाउँपालिका | | |
| ६ | हंस बोहोरा | दुर्गाथली गाउँपालिका | | |
| ७ | यज्ञ राजधामी | दुर्गाथली गाउँपालिका | | |
| ८ | उत्तमसिंह धामी | दुर्गाथली गाउँपालिका | | |
| ९ | नरेश दौल्याल | दुर्गाथली गाउँपालिका | | |
| १० | मुकेश सार्की | दुर्गाथली गाउँपालिका | | |
| ११ | लोकेन्द्र थापा | दुर्गाथली गाउँपालिका | | |
| १२ | धर्म रोकाया | दुर्गाथली गाउँपालिका | | |
| १३ | कैलास रोकाया | दुर्गाथली गाउँपालिका | | |
| १४ | रुमलाधामी | दुर्गाथली गाउँपालिका | | |
| १५ | विर बहादुर महत | दुर्गाथली गाउँपालिका | | |
| १६ | भरत बहादुर रावल | दुर्गाथली गाउँपालिका | | |
| १७ | किरन सार्की | दुर्गाथली गाउँपालिका | | |
| १८ | गपोस सार्की | दुर्गाथली गाउँपालिका | | |
| १९ | कैलास बहादुर सार्की | दुर्गाथली गाउँपालिका | | |
| २० | कुस बहादुर सार्की | दुर्गाथली गाउँपालिका | | |
| २१ | जानकी कुमारी रोकाया | दुर्गाथली गाउँपालिका | | |
| २२ | अम्मर राज बडू | दुर्गाथली गाउँपालिका | | |
| २३ | सुदर्शन सार्की | दुर्गाथली गाउँपालिका | | |
| २४ | नविन बहादुर सिँह | दुर्गाथली गाउँपालिका | | |

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

| | | | | |
|---|---|---|---|---|
| २५ | मकर बहादुर मण्डेल | दुर्गाथली गाउँपालिका | | |
| २६ | देवकी कुमारी खड्का | दुर्गाथली गाउँपालिका | | |
| २७ | नसली बोहोरा | दुर्गाथली गाउँपालिका | | |
| २८ | हिरा थापा | दुर्गाथली गाउँपालिका | | |

दुर्गाथली गाउँपालिका लैससास निमार्ण कार्यदलको समिति

| क.स. | नाम | ठेगना/कार्यालय | पद/जिम्मेवारी | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | रमेश बहादुर बोहोरा | दुर्गाथली गाउँपालिका | संयोजक | |
| २ | सुरेन्द्र जेप्रेल | दुर्गाथली गाउँपालिका | सदस्य | |
| ३ | जय बहादुर सार्की | दुर्गाथली गाउँपालिका | सदस्य | |
| ४ | यज्ञ राज धामी | दुर्गाथली गाउँपालिका | सदस्य | |
| ५ | उत्तमसिंह धामी | दुर्गाथली गाउँपालिका | सदस्य | |
| ६ | गणेशबहादुर धामी | दुर्गाथली गाउँपालिका | सदस्य | |
| ७ | मुकेश सार्की | दुर्गाथली गाउँपालिका | सदस्य | |
| ८ | लोकेन्द्र थापा | दुर्गाथली गाउँपालिका | सदस्य | |
| ९ | धर्म रोकाया | दुर्गाथली गाउँपालिका | सदस्य | |
| १० | नरेश दोल्याल | दुर्गाथली गाउँपालिका | सदस्य | |
| ११ | हंस बोहोरा | दुर्गाथली गाउँपालिका | सदस्य | |
| १२ | सदर्शन सार्की | दुर्गाथली गाउँपालिका | सदस्य | |
| | | | | |

**अनुसुची ३**
**कार्यक्रमको महत्वपूर्ण तस्बिरहरु**

दुर्गाथली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौधारी, बझाङ
सुदूरपश्चिम प्रदेश, नेपाल

आज्ञाले ,

नाम : झलक बहादु दौल्याल

प्रमुख प्रशासकिय अधिकृत